"सामाजिक सुरक्षा ,सुशासन, न्याय विकास र समानता समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"
" Social Security, Good Governance, Justice, Development and Equity Properous Cities Happy Citizens Our Commitment"

सुनवल नगरपालिका
Sunwal Municipality
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या :२०८३/०८४
चलानी नं.

आलु प्रवर्द्धन कार्यक्रम सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मिति: २०८३/०६/१४ गते)

प्रस्तुत विषयमा यस सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,सुनवल नवलपरासी अर्न्तगत कृषि विकास शाखा तर्फको चालु आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत **आलु प्रवर्द्धन कार्यक्रम अर्न्तगत ५० प्रतिशत अनुदानमा आलुको बिउ वितरण** गरिने भएकोले सुनवल नगरपालिका भित्रका इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी एवं व्यावसायिक कृषि फर्महरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (२०८३/०६/२८) गतेको कार्यालय समय भित्र तपसिलका कागजातहरु सहित **कृषि विकास शाखामा** निवेदन पेश गर्नुहुन यो सूचना सम्बन्धीत सबैमा प्रकाशित गरिएको छ । म्याद नाघी वा रित नपुगी आएका निवेदन माथि कुनै कामकारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

क.स	कार्यक्रम	बजेट रु	नगरपालिका अनुदान	कैफियत
१.	आलु प्रवर्द्धन कार्यक्रम	५,००,०००/-	५० प्रतिशत अनुदानमा आलुको बिउ वितरण	न्युनतम २ कठ्ठा क्षेत्रफलमा खेती गर्नुपर्ने

२०८३।०६।१४
अर्जुन खनाल
वरिष्ठ प्रशासकीय अधिकृत (आठौं)

आवश्यक कागजातहरु

१. तोकिएको ढाँचाको निवेदन ।

२.कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नेपाली नागरिकता प्रमाणप्रत्रको प्रतिलिपि ।

३. कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको जग्गाको लालपुर्जाको प्रतिलिपि ।

४.कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाको हकमा दर्ता/नविकरण, स्थायी लेखा नं.,कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

५.कृषक समूह/कृषि सहकारी संस्थाको हकमा कार्यक्रममा सहभागी हुने सदस्यको नामावाली तथा खेती गर्न चाहेको क्षेत्रफल खुल्ने निर्णयको प्रतिलिपि ।

श्रीमान प्रमुख प्रशासकीय ज्यू, मिति:२०८३/ /

सुनवल नगरपालिकाको कार्यालय ,

सुनवल नवलपरासी (ब.सु.प.) ।

विषय :- आलु प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा सुनवल नगरपालिका कृषि विकास शाखाको मिति :२०८३/०६/१४ गतेको प्रकाशित सूचना बमोजिम **आलु प्रवर्द्धन कार्यक्रम** संचालन गर्न ईच्छुक रहेकोले मलाई तपसिल बमोजिमको आलुको बिउ उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।साथै उपलब्ध भएको बिउ कृषि प्रयोजनका लागि मात्र उपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

तपसिल:-

क.स	आलुको बिउ (जात)	परिमाण(के.जी)	क्षेत्रफल	कैफियत

निवेदक

हस्ताक्षर:

नाम:

ठेगाना:

सम्पर्क नं.